

के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क १२३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० जेठ ३ गते बुधबार ❑ 17 May 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## सरकारजस्तो सुकै दबाब आए पनि झुक्दैन : उपप्रधानमन्त्री श्रेष्ठ

**रासस**
काठमाडौं, २ जेठ

उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले समृद्धि यात्राको मुख्य बाधकका रूपमा रहेको भ्रष्टाचार र कुशासनलाई अन्त्य गर्न सरकार दृढता र निर्भिकतापूर्वक अघि बढेको बताउनुभएको छ।

राज्यव्यवस्था तथा सुशासन समितिको मंगलबारको बैठकमा नक्कली भूटानी शरणार्थी प्रकरणका सन्दर्भमा भइरहेको अनुसन्धानबारे समितिका सदस्यले राखेको जिज्ञासमा उहाँले सो घटनामा संलग्न दोषीलाई कारबाही गर्न सरकार दृढ रहेको उल्लेख गर्नुभयो ।उपप्रधानमन्त्री श्रेष्ठले भन्नुभयो, "अनुसन्धानमा कुनै पक्षपात हुने छैन, सरकार जस्तो सुकै दबाब आए पनि झुक्दैन । अनुसन्धानले जहाँसम्म आवश्यकता ठान्छ त्यहाँसम्म दृढतापूर्वक पुग्छ। सरकार दोषीलाई कारबाही गर्न दृढ छ ।" नक्कली भूटानी शरणार्थी बनाउने घटनाको अनुसन्धानका लागि प्रहरीअहोरात्र खटिरहेको जानकारी दिँदै उहाँले अनुसन्धानका क्रममा प्रहरीलाई सुरुआतदेखि नै कुनै राजनीतिक दबाब वा अवाञ्छनीय प्रभावबाट मुक्त रहन कडा निर्देशन दिएको बताउनुभयो ।

उपप्रधानमन्त्री श्रेष्ठले भन्नुभयो, "कोही निर्दोष फस्ने काम नहोस् भनेर प्रारम्भदेखि नै सचेत हुन, कसैको सार्वजनिक छविमाथि अनावश्यक आशङ्का र क्षति पुग्न नपाओस् भनेर होसियार भएर प्रहरीले निष्ठापूर्वक र निष्पक्ष ढङ्गले अनुसन्धान अघि बढाएको छ।" अनुसन्धानका क्रममा प्रमाण र तथ्य देखापरेका आधारमा विभिन्न व्यक्तिलाई नियन्त्रणमा लिने र अनुसन्धानको प्रक्रिया अघि बढाइने प्रतिबद्धता जनाउँदै उहाँले अनुसन्धानले पुष्टि गरेका आधारमा कानुनको दायरामा ल्याइने प्रतिबद्धता व्यक्त गर्नुभयो । उपप्रधानमन्त्री श्रेष्ठले भन्नुभयो, "संसद्मा सांसदले बाहिर नागरिक समाज र बुद्धिजीवी, राजनीतिक दलका कार्यकर्ता र जनसमुदायको ठूलो हिस्साले भ्रष्टाचार विरोधी अभियान चलाउनै पर्छ भनी व्यक्त गर्नुभएको विचार र अभियानप्रति आभार व्यक्त गर्छु ।" भ्रष्टाचार र कमिसनको जालोले देशलाई बर्बादी गरेकाले त्यसको अन्त्य गर्न सरकार प्रतिबद्ध रहेको उल्लेख गर्दै उहाँले सुशासन कायम गरी समृद्धि हासिल गर्ने वर्तमान सरकारको पहिलो कार्यभार रहेको स्पष्ट पार्नुभयो । उपप्रधानमन्त्री श्रेष्ठले भन्नुभयो, "देश बनाउने हो भने दलगत राजनीतिक स्वार्थभन्दा माथि उठ्नु पर्छ, उठौँ ।" सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री अमनलाल मोदीले प्रमुख प्रशासकीय अधिकृत रिक्त रहेका कतिपय स्थानीय तहमा यथाशीघ्र रूपमा पठाउन गृहकार्य भइरहेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "मन्त्रालयबाट सरुवा भएर गएका अधिकृतलाई कतिपय स्थानीय तहले राजनीतिक आस्थाका कारण हाजिर नगराएर फर्काएका कारण पनि समस्यालाई समयमै सम्बोधन गर्न नसकिएको हो, जहाँ त्यस्तो समस्या छैन, त्यहाँ अधिकृत गएर काम गरिरहेकै छन् ।" समितिका सदस्य गगनकुमार थापाले बैठकमा छलफल गर्ने विषय र समयपहिले नै निर्धारण गर्न तथा विधेयकलाई प्राथमिकताका साथ अघि बढाउने सन्दर्भमा आवश्यक परामर्श गर्न सानो टोली बनाएर काम गर्ने वातावरण बनाउन सुझाव प्रस्तुत गर्नुभयो।

अर्का सदस्य हितराज पाण्डेले हाम्रो काम कारबाही र छलफलबाट जनताले के लाभ प्राप्त गरे र कस्तो परिणाम निस्कियो भन्ने पाटोबाट बहस हुनुपर्छ भन्नुभयो । समिति सदस्य रवि लामिछानेले यसअघिका समितिले भ्रष्टाचारका विषयमा गरेको अध्ययन र निर्देशनलाई ग्रहण गर्न सुझाव दिँदै समितिका निर्देशन सरकारले पालना अनिवार्य गर्नैपर्ने परिपाटी विकास गर्ने बाटोबाट अघि बढ्न आवश्यक रहेको बताउनुभयो।

## पोखरा महानगरभित्रका पेट्रोल पम्प अनुगमन

**पोखरापत्र संवाददाता**
पोखरा, २ जेठ

पोखरा महानगरपालिकाले पेट्रोल पम्प अनुगमन गरेको छ । पोखरा महानगरपालिकाकी उपप्रमुख मञ्जुदेवी गुरुङको नेतृत्वमा आज पोखरा महानगरभित्रका पाँच पेट्रोल पम्पमा अनुगमन गरिएको हो ।

अनुगमन टोलीले हेमजाको जयबुद्ध आयल स्टोर्स, सिमापानीको पराजुली आयल स्टोर्स, मालेपाटनको सशस्त्र प्रहरी बलले सञ्चालन गरेको कालिका फ्युल स्टेसन, मासबारको बराल आयल डिष्ट्रिब्युटर्स र विरौटाको अन्नपूर्ण आयल डिष्ट्रिब्युटर्समा अनुगमन गरेको हो ।

अनुगमनका क्रममा परिणाम र गुणस्तरमा कैफियत फेला नपरेको अनुगमन संयोजक तथा पोखरा महानगरपालिकाकी उमप्रमुख मञ्जुदेवी गुरुङले जानकारी दिनुभयो । अनुगमन टोलीमा जिल्ला प्रशासन कार्यालय, नेपाल गुणस्तर तथा नापतौल विभाग र नेपाल आयल निगमका अधिकारी सहभागी हुनुहुन्थ्यो । डिजेल र पेट्रोलको परिणाम, गुणस्तर, व्यवसाय दर्तासँगै नवीकरण भए नभएको अनुगमन गरिएको पोखरा महानगरपालिका अनुगमन समिति सदस्य भरतराज पौडेलले बताउनुभयो । "अनुगमनका क्रममा परिणाम र गुणस्तरमा कैफियत फेला परेन", पौडेलले भन्नुभयो । उहाँका अनुसार केही पेट्रोल पम्प महानगरमा विना दर्ता सञ्चालन भएको पाइएको छ । उनीहरुलाई महानगरमा दर्ता गर्न निर्देशन दिएको उहाँले बताउनुभयो।

## पोखरा महानगरले व्यावसायिक बन्न तालिम दिँदै

**पोखरापत्र संवाददाता**
पोखरा, २ जेठ

कास्कीको पोखरा महानगरपालिकाले विभिन्न सीप तथा व्यावसायिक उद्यमशीलता तालिम प्रदान गर्ने भएको छ।

महानगरपालिकाको आर्थिक विकास महाशाखा अन्तर्गतको व्यवसाय प्रवर्द्धन केन्द्र (बिपिसी) को आयोजनामा विभिन्न १० विधामा दुई सय ४० जनालाई सीप तथा व्यावसायिक उद्यमशीलता तालिम प्रदान गर्न लागेको हो । छनोट भएकालाई अभिमुखीकरण गर्दै पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले महानगरभित्र स्वरोजगार सृजना गर्दै उद्यमशीलता विकास गर्ने उद्देश्यले तालिम आयोजना गरिएको बताउनुभयो। "महानगरपालिकाभित्र स्वरोजगार बन्न, तालिमका विभिन्न अवसर सृजना गर्न, तालिमपश्चात् आवश्यक प्राविधिक सहयोग गर्ने, सुरुआतमा बीउ पूँजी दिनेलगायतकाममा सहयोग गर्छौं, उहाँले भन्नुभयो । सानो लगानीबाट पनि व्यावसायिक सफलता प्राप्त गर्न सकिने प्रमुख आचार्यले बताउनुभयो।

पोखरा-१७ की वडाअध्यक्ष राधिकाकुमारी शाही योगीले तालिमबाट सहभागीलाई व्यावसायिक जीवनको ठोस आकार दिन पर्याप्त अवसर प्रदान गर्ने विश्वास व्यक्त गर्नुभयो । पोखरा महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वीरेन्द्रदेव भारतीले तालिमव्यावहारिक र प्रभावकारी बन्ने विश्वास व्यक्त गर्नुभयो ।विभिन्न सङ्घसंस्थासितको समन्वय र महानगरपालिकाको लगानीमा तालिमसञ्चालन गर्न लागिएको हो।

## कांग्रेस रूपान्तरण अभियान घोषणा

**रासस**
काठमाडौं, २ जेठ

नेपाली कांग्रेसका युवा नेताहरूले कांग्रेस रूपान्तरण अभियान घोषणा गरेका छन् ।

कांग्रेसका युवा नेताहरूले मंगलबार पत्रकार सम्मेलन गरी देशभरका सातै प्रदेशमा कांग्रेस रूपान्तरण अभियान सञ्चालन गर्न लागेको जानकारी दिएका हुन् ।

पत्रकार सम्मेलनमा बोल्दै कांग्रेस केन्द्रीय सदस्य मधु आचार्यले कांग्रेसभित्रको कमी कमजोरीबाट फाइदा उठाएर देशको राजनीतिमा उग्र वामपन्थी र दक्षिणपन्थी शक्तिको उदय भएकाले रूपान्तरण अभियान सुरु गरिएको जानकारी दिनुभयो । उहाँले कांग्रेसको चाल, चरित्र र चेहरालाई परिवर्तन नगरी कांग्रेस रूपान्तरणको सम्भावना नभएकाले आफूहरूले पार्टीलाई समयसापेक्ष रूपान्तरण गर्न उक्त अभियान सञ्चालन गर्न लागेको बताउनुभयो । कांग्रेसभित्र नैतिक शक्तिको क्षय भएकाले आफूहरूले राजनीतिलाई नैतिक शक्तिसँग जोड्न अभियान चलाएको उहाँको भनाइ थियो ।

केन्द्रीय सदस्य आचार्यले कांग्रेस रूपान्तरणको अभियानलाई अगाडि बढाउनुपर्ने टड्कारो आवश्यकता भएकाले अभियान सञ्चालन गरेको उल्लेख गर्नुभयो । कांग्रेसको उक्त अभियान जेठ ११ गते जनकपुर, जेठ १६ गते काठमाडौँ, जेठ २० गते पोखरा, जेठ २२ गते दाङ, जेठ २४ गते सुर्खेत, जेठ २६ गते धनगढी, जेठ २९ गते इटहरी र जेठ ३१ गते पुनः काठमाडौँमा हुने आचार्यले बताउनुभयो । पत्रकार सम्मेलनमा कांग्रेस युवा नेता गुरुराज घिमिरे, रञ्जित कर्ण, भूपेन्द्रजङ्ग शाहीलगायतको उपस्थिति रहेको थियो ।

## धवलागिरीको चुचुरोतर्फ लागे आरोही

**पोखरापत्र संवाददाता**
म्याग्दी, २ जेठ

करिब एक महिनाको पर्खाइपछि आरोहीहरू म्याग्दीस्थित धवलागिरि हिमालको चुचुरोतर्फ लागेका छन् ।

आठ हजार एक सय ६७ मिटर अग्लो उक्त हिमाल म्याग्दीको धवलागिरि गाउँपालिका-४ मा पर्छ । गत चैत महिनाको अन्तिम सातादेखि आधार शिविरमा रहेका आरोहीहरू धवलागिरिको चुचुरोको नजिकै पुगेका त्यहाँ रहनुभएका छेपाल शेर्पाले आफ्नो फेसबुकमार्फत जानकारी गराउनुभएको छ । छ हजार एक सय मिटर उचाइको धवलागिरिको दोस्रो आधार शिविरबाट सोमबार करिब सात हजार मिटर उचाइमा रहेको तेस्रो शिविरमा आरोही पुगेका उहाँले बताउनुभयो । धवलागिरिको पहिलो, दोस्रो र तेस्रो आधार शिविरसम्म शेर्पाहरूले आरोहीका लागि बाटो बनाइसकेका छन् । दैनिकजसो पानी परेको र हिमपात


बाँकी अन्तिम पृष्ठमा ▶▶


## डिजेल र मट्टितेलको मूल्य घट्यो

**रासस**
काठमाडौं २ जेठ

नेपाल आयल निगमले डिजेल र मट्टितेलको मूल्य घटाएको छ।

इन्डियन आयल कर्पोरेशन (आइओसी)बाट पेट्रोलियम पदार्थको खरिद मूल्य घटेर आएपछि निगमले डिजेल र मट्टितेलको मूल्य घटाएको हो ।

निगमले डिजेल र मट्टितेलको मूल्यमा मंगलबार राति १२ बजेदेखि लागू हुने गरी प्रतिलिटर रु १० घटाएको छ। पेट्रोल, हवाई इन्धन र खाना पकाउने ग्यासको मूल्य यथावत छ। मूल्य घटेसँगै डिजेल र मट्टितेलको खुद्रा बिक्री मूल्य प्रतिलिटर रु एक सय ५५ कायम भएको छ।

यसअघि डिजेल र मट्टितेलको खुद्रा बिक्री मूल्य प्रतिलिटर रु एक सय ६५ थियो। पेट्रोलको मूल्य प्रतिलिटर रु एक सय ७५, हवाई इन्धन (आन्तरिक) को मूल्य प्रतिलिटर रु एक सय ६०, हवाई इन्धन (बाह्य)को प्रतिलिटर अमेरिकी डलर १.३५० र खाना पकाउने ग्यासको मूल्य प्रतिसिलिण्डर रु एक हजार आठ सय कायमै छ।


**व्यवसायिक कृषिले बनाउँछ सुखी ।**

◆ निर्वाहमुखी कृषि प्रणालीमा सुधार गरी व्यवसायिक कृषिको प्रारम्भ गरौं,

◆ खेतीयोग्य जमिन बाँझो नराखौं,

◆ लाखौं खर्च गरेर विदेशिनुको सट्टा स्वदेशमै व्यवसायिक कृषि र पशुपालन गरौं,

◆ व्यवसायिक कृषि उत्पादनमार्फत आर्थिक उपार्जन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## टीकापुर हत्याकाण्डका चौधरी दोषी ठहर

**पोखरापत्र संवाददाता**
पोखरा, २ जेठ

सर्वोच्च अदालतले टीकापुर हत्याकाण्डमा जन्मकैदको सजाय भोगिरहेका रेशम चौधरीलाई उच्च अदालत दिपायलकै फैसला सदर गर्दै दोषी ठहर गरेको छ।

न्यायाधीशद्वय डा आनन्दमोहन भट्टराई र नहकुल सुवेदीको संयुक्त इजलासले मंगलबार दोषी ठहर हुने फैसला गरेको हो ।जन्मकैदको फैसलाविरुद्ध चौधरीले सर्वोच्च अदालतमा पुनरावेदन दिएका थिए । उक्त पुनरावेदनमाथि सुनुवाइपछि सफाइ दिन नपर्ने फैसला उल्लेख गर्दै उक्त आदेश गरेको हो । अर्का प्रतिवादी लक्ष्मण थारूलाई उच्च दिपायलले ठहर गरेको पाँच वर्ष कैद सजायलाई घटाएर तीन वर्ष सजाय ठहर गरेको जिल्ला अदालत कैलालीकै फैसला सदर गरेको छ । नागरिक उन्मुक्ति पार्टी सञ्चालन गर्दै चौधरीसहितका टीकापुर घटनामा संलग्नलाई माफी दिनुपर्ने मागका कारण सरकारले नयाँ विधेयक संसद्मा दर्ता गराएको थियो । उक्त विधेयक संसद्बाट पास हुनुअघि नै अदालतले दोषी ठहर हुने फैसला गरेको छ। उक्त घटनामा जेल सजाय भोगिरहेका गङ्गाराम चौधरी र सीताराम चौधरीले भने सफाइ पाएका छन् ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# वालिङले खुलायो जग्गाको कित्ताकाट

**श्रीकृष्ण सिग्देल**
स्याङ्जा, २ जेठ



लामोसमय जग्गाको कित्ताकाट रोकिदा अंशबण्डा देखि जग्गाको लेनदेन र कारोवारमा समस्या हुदै आएको थियो ।

जग्गाको बर्गिकरण गर्ने जिम्मेवारी स्थानीयतहलाई दिइएपनि अहिले सम्म छुट्टाउन सकेका थिएनन् । ढिलै भएपनि स्याङ्जाको वालिङ नगरपालिकाले भने आंशिक कित्ताकाट शुरु गरेको छ । राष्ट्रिय भु-उपयोग ऐन २०७६ र नगरपालिकाको भु-उपयोग क्षेत्र वर्गीकरण तथा मापदण्ड तथा आधारहरु, २०७९ अनुसार वालिङ नगरपालिकाले जग्गाको बर्गिकरण गरेपछि जग्गाको कित्ताकाट सुरु हुने भएको हो ।

आंशिक रुपमा कित्ताकाट सुरु भएको नगरपालिकाद्वारा जारी सुचनामा उल्लेख गरिएको छ । वालिङ नगरपालिका भित्रका ५ वटा वडाहरुमा कित्ताकाट सुरु भएको प्रमुख प्रशासकीय अधिकृत तेजराज शर्माले जारी गरेको सुचनामा उल्लेख छ । नगरपालिकाका वडा नं.६, ८, ९, १० र १३ मा कित्ताकाट सुरु भएको हो । कित्ताकाट शुरु हुने वडाको जग्गा वर्गीकरण गरी सम्बन्धित मालपोत र नापी कार्यालयमा पठाइसकिएको शर्माले जारी गरेको सूचनामा उल्लेख छ । कित्ताकाट गरिएका वडाका नागरिकहरुले स्रेस्ता कायम गर्नुपर्ने भएमा सक्कल लालपुर्जा लिई मालपोत कार्यालयमा जान नगरपालिकाले अनुरोध गरेको छ ।

वालिङ नगरपालिकाले कृषि र गैह्र कृषि जग्गा सहित राष्ट्रिय भु–उपयोग ऐन २०७६ अनुसार छुट्टाएर पठाएकोले अब कित्ताकाट शुरु हुने मालपोत कार्यालय वालिङका सुचना अधिकारी जिवनाथ पौडेलले जानकारी दिए । मापदण्ड पुगेर आएका जग्गाको काम हुने उनले बताए । नगरपालिकाले आंशिकरुपमा मात्रै कित्ताकाट शुरु गरेपछि नागरिकमा असन्तुष्ट देखिएको छ । १, २, ३, ४, ५, ७, ११, १२, १४ लगायतका वडाहरुको कित्ताकाट भने केहीदिन पछि शुरु हुने नगर प्रमुख कृष्ण खाँणले बताए ।

१४ वडा रहेको नगरपालिकामा ५ ओटा वडामा मात्रै कित्ताकाट शुरु हुने र अन्य ९ ओटा वडाको कित्ताकाट खुलाउन ढिलाई गरेको भन्दै नागरिकले असन्तुष्टि पोखेका हुन् ।

नगरपालिकाले कित्ताकाट खुलाएका वडाहरु सिद्धार्थ राजमार्गले छोएको छ । राजमार्गले छोएका जग्गालाई घरबाटो कायम गर्न र गैह्र कृषियोग्य जमिन भन्न सजिलो भएकाले बर्गिकरणमा सहज भएको बताइएको छ ।

# संगम सहकारीको सेवा केन्द्र न्युरोडमा शुभारम्भ

**पोखरापत्र संवाददाता**
पोखरा, २ जेठ



पोखरा महानगरपालिका वडा नं. १५ रामवजारमा रहेको संगम बचत तथा ऋण सहकारी संस्था लि.को न्युरोडस्थित सेवा केन्द्रको मंगलबार शुभारम्भ गरिएको छ ।

समुदायको पहिलो रोजाई संगम सहकारी उद्घोष गर्दै रामवजारमा २०६१ सालमा स्थापना भएको सहकारीले २० औं वर्ष पुगेको अवसरमा सेवाग्राहीको सुविधाको लागि महानगरपालिका कार्यलय नजिक पोखरा ९ न्युरोड स्थित हेल्लो स्टेशनरी भएको भवनमा सहकारीको सेवा केन्द्रबाट सेवा सुरु गरिएको हो । सेवा केन्द्रको पोखरा ९ का वडा अध्यक्ष दिपेन्द्र मर्सानीले उद्घाटन गर्दै संगम सहकारी लामो समय देखि नै नितिनियम पुर्ण पालना गरी संचालन भएकोले आज समस्यामा नरहेको थाहा पाउँदा खुशी लागेको वताउँदै संगम सहकारीबाट अरु सहकारीले सिक्नु पर्ने वताए ।

संस्थाका संरक्षक निरज थापाले म र मेरो साथी संगममा संगसंगै भन्ने नाराका साथ वडा नं. ९ मा आइ पुगेका छौं यहाँका वासिन्दा तथा व्यवसायीको साथ र सहयोगको अपेक्षा रहेको वताएका थिए । सो कार्यक्रममा स्वतन्त्र पत्रकार संघ नेपालका केन्द्रिय अध्यक्ष कृष्णप्रसाद वास्तोला, कानुनी सल्लाहकार दयाराम गौतम, वरिष्ठ व्यवस्थापक वृहस्पति अधिकारी, शेयर सदस्य दामोदर शर्मा, शोभा कुँवर, स्वास्थ्य स्वयम् सेवीका मिरा गिरी, लेखा संयोजक भविन्द्र गिरी लगाएतले वोलेका थिए ।

कार्यक्रममा दीर्घकालिन वचतकर्ता सुर्य गिरी, दैनिक वचतकर्ता समिर कुमार थापा, वाल वचतकर्ता जेसिका विक, जेष्ठ सदस्य वचतकर्ता, दिर्पा थापा, ऋण कारोवारी आशा साई, सुझावकर्ता धनप्रसाद गुरुङ, संचालक सुवास चन्द्र भण्डारी, उपसमिति सदस्य इन्द्रबहादुर गिरी र कर्मचारी गोमा गिरीलाई खादा, अविर र सम्मानपत्रद्धारा सम्मान गरिएको थियो ।

सहकारीका अध्यक्ष नवराज तिवारीको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत उपाध्यक्ष बुद्धिमान थापा र संचालन सचिव धनराज पुरीले गरेका थिए ।

# एभरेष्ट म्याराथनमा सहभागी हुने टोलीले घान्द्रुकको मेश्रम बराहलाई आर्थिक सहयोग गर्ने

**पोखरापत्र संवाददाता**
पोखरा, २ जेठ



एभरेष्ट म्याराथनमा सहभागि हुने एक टोलीले कास्कीको घान्द्रुकको मेश्रम बराह मा.वि.लाई आर्थिक सहयोग गर्ने भएको छ ।

यहि जेठ १५ गते (मे २९) मा आयोजना हुने एभरेष्ट म्याराथनमा सूर्य गुरुङको नेतृत्वले उक्त म्याराथनमा सहभागि हुदै आर्थिक हिसावले निकै कमजोर भएको घान्द्रुकको मेश्रम बराहलाई आर्थिक सहयोग गर्ने भएको मंगलबार पोखराको सरुमा चुल्होमा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो ।

एभरेष्ट म्याराथनमा सूर्य गुरुङको नेतृत्वमा तर्कजंङ्ग गुरुङ, जित बहादुर गुरुङ, जुम बहादुर गुरुङ, बुद्धिलक्ष्मी गुरुङ, फत्तबहादुर गुरुङ र सरोज लिम्बुले सहभागिता जनाउने भएका छन्।

विश्वकै चर्चीत म्याराथनमा दौडिएर च्यारिटीमार्फत रकम संकलन गर्न आव्हान गरिएकोमा हालसम्म १० हजार पाउण्ड नेपाली करिब १७ लाख रुपैया संकलन भएको उक्त अभियानका अभियान्ता सुर्य गुरुङले बताए । आफुहरुको ५ हजार पाउण्ड संकलन गर्ने लक्ष्य रहे पनि हाल दोब्बर संकलन भएको उल्लेख गर्दै उनले बिद्यालयको आर्थिक सहयोगको लागि गरिएको आव्हान अनुरुप जति संकलन हुन्छ शतप्रतिशत बिद्यालयलाई हस्तान्तरण गर्ने अभियान्ता गुरुङले जनाए । यस अघि २००२ मा एभेरेष्ट म्याराथनमा सहभागि भएका तर्कजङ्ग गुरुङले नेपालको एभेरेष्ट म्यारथन विश्वमा जति चर्चा हुनुपर्ने हो त्यो अझै कमै भएको बताउदै विद्यालयको सहयोगार्थ उक्त दौडमा सहभागि हुन लागेकोमा खुसि लागेको बताए । उक्त म्याराथनले व्यक्तिमा आत्मविश्वास बढाउनुको साथै नेपालको खेल र पर्यटनको समेत प्रबर्द्धन हुने उनले जनाए । सन २०१७ मा सुर्य गुरुङको टोलीले तमु प्ल्हेलु संघ युकेमा समेत नेपालबाट आर्थिक रकम संकलन गरी सहयोग गरेको स्मरण गरे । मेश्रम बराह मा.वि.को अर्थ संकलन उपसमिति संयोजक क्या.कमल गुरुङले उक्त बिद्यालयमा हरेक बर्ष जसो स्देश तथा विदेशमा रहेका दाजु भाई तथा दिदी बहिनीको सहयोगले आर्थिक व्यबस्थापन गर्दै आएको बताए ।

अझै पनि बिद्यालयको ९/१० लाख रुपैया बाहिरि श्रोतबाट व्यबस्थापन गर्नुपर्ने भएकोले गर्दा आफुहरुलाई निकै कठिन भएको गुनासो गरे । प्लस टुमा २ जना शिक्षक आतरिक श्रोतबाट व्यबस्थापन गर्नु पर्ने भएकोले गर्दा बिद्यालयको एक्याप रहेको कार्यालय क्षेत्रको भाडाबाट आउने करिब १ लाखले मात्र नहुने उनले बताए । बिद्यालयमा हाल ३ सय ४० बिद्यार्थीहरु रहेको कमलले जनाए । बिद्यालयमा गत बर्ष देखि कक्षा १ मा गुरुङ भाषाको समेत कक्षा संकलन भएको छ ।

# धवलागिरीको...

भएकाले आरोहीहरूलाई समस्या भएको छ । स्पेनका ८३ वर्षीय कार्लोस सोरियाको टोली क्याम्प-३ मा पुगेको छ । मौसमले साथ दिएमा मङ्गलबार चौथो आधार शिविर पुग्ने तयारी गरेको उक्त टोली बुधबारसम्म धौलागिरिको चुचुरो चुम्ने योजनामा छ ।

कार्लोसको आरोहण दलको नेतृत्व सेभेन समिट ट्रेकिङ कम्पनीका मिङ तेम्बा शेर्पाले गर्नुभएको छ । यो उहाँको १३औँ पटकको प्रयास हो । गत वर्ष १२ औँ पटकको प्रयासमा कार्लोस सात हजार मिटरको उचाइमा पुगेर फर्किनुभएको थियो । धवलागिरि हिमाल चढ्न सन् १९९८ मा पहिलो प्रयास गर्नुभएका उहाँको दुई दशकयता १२औँ पटक आरोहण गर्दा पनि धौलागिरिको चुचुरोमा पुग्ने सपना पूरा हुनसकेको थिएन । पर्यटन विभागका अनुसार वसन्त ऋतुको यस याममा २४ पुरुष र ११ महिलाले धवलागिरि हिमाल आरोहणको अनुमति लिएका छन् । सेभेन समिटका प्रबन्ध निर्देशक थानेश्वर गुरागाईंले आफ्नो कम्पनीबाट २६ जनाले धवलागिरि हिमाल चढ्न लागेका बताउनुभयो । आधार शिविर पुगेर हेलिकप्टरमा फर्किनुभएका म्याग्दी दानाका पर्यटनकर्मी इन्द्रसिंह शेरचनले आरोहीहरू चुचुरोमा पुग्न अनुकूल मौसमको पर्खाइमा रहेका बताउनुभयो । "वैशाखमा धेरै हिउँ परेकाले आरोहणका लागि आएकाहरू बेसक्याम्पमा एक महिनाभन्दा धेरै समय बस्नु परेको थियो," पर्यटकको उद्धार र व्यवस्थापकीय कार्यमा संलग्न उहाँले भन्नुभयो, "मौसम परिवर्तन, तापक्रम वृद्धि र वातावरणीय प्रदूषणको असर हिमालमा पनि परेको छ ।"

# चार दिवसीय क्षमता विकास तालिम सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, २ जेठ

अनुसन्धान व्यवस्थापन एकाइ, विन्दुवासिनी संस्कृत विद्यापीठ, पोखराको आयोजनामा आजदेखि चार दिवसीय क्षमता विकास तालिम सुरु भएको छ ।

तालिमको एक कार्यक्रमका बीच गण्डकी प्रज्ञा प्रतिष्ठानका कुलपति सूर्य खड्का बिखर्चीले उद्घाटन गर्नुभयो । कार्यक्रममा कुलपति बिखर्चीले संस्कृत वाङ्मय मानवताको जरो भएको बताउँदै यो नैतिक चेतना र सभ्यताको श्रोत भएको उल्लेख गर्नुभयो । बाहिरी संसारले उच्च महत्त्व दिनुका साथै माया गरेको यस वाङ्मयलाई हामीले कदर गर्न नसकेको उहाँले बताउनुभयो । विद्यालय शिक्षामा संस्कृत हटाउनु दुर्भाग्य भएको उल्लेख गर्दै उहाँले हाम्रो सभ्यता र संस्कृतिको मौलिकता जोगाउन संस्कृतको पठनपाठनलाई तल्लो तहसम्मै पुऱ्याउनु जरुरी रहेको बताउनुभयो । क्षमता विकास तालिमले शिक्षाको गुणस्तरीयता अभिबृद्धि गर्ने उहाँले बताउनुभयो । नेपाल संस्कृत विश्विद्यालय प्राध्यापक संघ, केन्द्रीय समितिका उपसभापति सहप्राध्यापक आनन्दमणि रिजालले विश्वविद्यालयले सबै प्राध्यापकहरूलाई प्राज्ञिक अध्ययन र अनुसन्धानका निश्चित कार्य गर्नै पर्ने व्यवस्था गर्नुपर्ने धारणा राख्नुभयो । पदोन्नतिका लागि मात्र अनुसन्धान गर्ने प्रवृत्ति रहेकोमा जोड दिदै उहाँले तालिम र अभिमुखीकरणलाई प्राथमिकता दिनुपर्ने आवश्यकता औंल्याउनुभयो । विद्यापीठका प्राचार्य डा. जगन्नाथ रेग्मीले विद्यापीठलाई अनुसन्धान एवम् प्राज्ञिक क्षेत्रमा गतिशील बनाउन सबैको साथ र सहयोग आवश्यक भएको बताउनुभयो । विद्यापीठका संस्थापक प्राचार्य सह प्राध्यापक श्रीराम बरालले तालिमका उपलब्धिलाई व्यवहारमा उतार्नु जरुरी रहेको बताउनुभयो ।

विद्यापीठका प्राचार्य डा.जगन्नाथ रेग्मीको सभापतित्वमा सम्पन्न उद्घाटन समारोहमा अनुसन्धान व्यवस्थापन एकाइका संयोजक सह प्राध्यापक डा. चूडामणि कँडेलले स्वागत गर्नुभएको थियो । सहप्राध्यापक सत्यराज सुवेदीको अध्यक्षतामा सम्पन्न कार्यपत्र प्रस्तुतीका दुई सत्र अन्तर्गत पहिलो सत्रमा पृथ्वीनारायण क्याम्पसको अंग्रेजी विभागका उपप्राध्यापक डा.सवीन्द्रराज भण्डारीले प्रोस्पेक्ट्स एण्ड च्यालेन्ज्स अफ टिचिङ कम्पलसरी इङ्गलिस इन शास्त्री फस्ट एण्ड सेकेन्ड इयर विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उक्त कार्यपत्र माथि पोखरा विश्वविद्यालयका उपप्राध्यापक भरत ढकालले टिप्पणी गर्नुभएको थियो भने प्राध्यापकहरू श्यामप्रसाद पौडेल, अम्बिकाप्रसाद भट्टराई, योगराज पौडेल, विष्णुप्रसाद शर्मा, प्रकाश पौडेलले विभिन्न जिज्ञासा र सुझाव व्यक्त गर्नुभएको थियो ।

दोस्रो सत्रमा सिद्धान्त ज्योतिषका सह प्राध्यापक पूर्णचन्द्र वाग्लेले "प्रथम लग्नानयनमा देखिएका समस्या र निराकरणका उपायहरू" शीर्षकको अवधारणापत्र प्रस्तुत गर्नुभएको थियो । उक्त अवधारणापत्रमा सह प्राध्यापक श्रीराम बरालले टिप्पणी एवम् प्राध्यापकहरू पशुपति दवाडी, नारायणप्रसाद सापकोटा, योगराज पौडेल, जगन्नाथ रेग्मी, सवीन्द्रराज भण्डारी, भानुभक्त आचार्यले विभिन्न जिज्ञासा र सुझाव व्यक्त गर्नुभएको थियो । कार्यक्रमको सञ्चालन उपप्राध्यापक प्रकाश पौडेलले गर्नुभएको थियो ।


प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

पाइल्स फिस्टुला, फिसर तथा पेट सम्बन्धीविशेषज्ञ
डा. राजिव घिमिरे मात्र १ दिनको लागि पोखरा

धनवस्तरी आयुर्वेद हस्पिटल एण्ड रिर्सच सेन्टर, माता मनकामना आरोग्य तथा एनटिभी च्यानलको स्वास्थ्य सन्देश कार्यक्रममा परामर्शदाता एवं पाइल्स फिस्टुला, फिसर तथा पेट रोग सम्बन्धी डा. राजिव घिमिरे पोखरामा यही मिति जेठ २ गते मंगलबार आउन लाग्नु भएकाले स्वास्थ परिक्षण गरि सेवाको लाभ लिनुहोस् ।


हाम्रो सेवाहरु :
पाइल्स : कहिले पखाला, कहिले कब्जियत, पेट फुल्ने, मलद्वार दुख्ने चिलाउने, सुनिने आदि ।
फिस्टुला : मलद्वारको मुखमा खटिरा आउने, दिसा गर्दा दुख्ने, पीप निस्कने, पोल्ने, दिसा कब्जिय त हुँदा दुखाई बढि हुने
फिसर : मलद्वारमा घाउ देखिने, पिलो, दिसा गर्दा पोल्ने, दुख्ने एवम् दिशामा रगत देखिने
ग्याष्ट्रिक : मुखबाट अमिलो पानी आउनु, बाकवाकी हुने, पेट दुख्ने
अन्य रोगहरु : अल्सर, पत्थरी, पिसाब पोल्ने, दम, वाथ, सुगर, पिनास, हाइड्रोसिल आदि

नोट : पाइल्स, फिस्टुला, फिसर रोगको क्षारसुत्र विधिद्धारा विना अपरेशन उपचार गरिन्छ ।

बिरामी जाच्ने समय : बिहान ९ बजेदेखि बेलुकी ५ बजेसम्म

माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मार्गदर्शन एकेडेमीको ठीक अगाडि
फोन नं. ५३९१९४, ९८४६०४११३१, ९८०४१७२५३१, ९८५१०१६६९४
नयाँ तथा पुराना विरामीहरुले यथाशिघ्र सम्पर्क गर्नुहोला ।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रवन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

आशा गरिवको सबै भन्दा ठूलो सम्पत्ति हो ।
– एल्फेड डे

## सम्पादकीय

# रेशमको राजनीतिमा सर्वेच्चको झट्का

टिकापुर घटनाका प्रतिवादी रेशमलाल चौधरीको जेलमुक्त हुने प्रयासमा ठूलो झड्का लागेको छ। शुरुमा कैलाली जिल्ला अदालत र पछि दिपायल उच्च अदालतबाट जन्मकैदको फैसला सर्वोच्च अदालतले समेत सदर गरेको छ । मंगलबार न्यायाधीशद्वय डा. आनन्दमोहन भट्टराई र नहकुल सुवेदीको संयुक्त इजलासले जन्मकैद गर्ने उच्च अदालत दिपायलको फैसला सदर गरेको छ। सरकारले अदालतमा विचाराधीन मुद्दा फिर्ता लिन अध्यादेश ज.ारी गरेको थियो ।नरसंहारको आरोप लागेकालाई राजनीति मुद्दा बनाएर छुटाउन गरिएको प्रयासमा अदालतले रोक लगाइदिएको छ् ।

सर्वोच्च अदालतको फैसलामा जन्मकैदको सजाय सुनाइएका लक्ष्मण थारु चौधरीको हकमा भने जन्मकैदको फैसला उल्टाएर ज्यान मार्ने उद्योगमा ३ वर्षको मात्रै कैद सजाय सुनाइएको छ । त्यसैगरी प्रतिवादीमध्येका सिताराम चौधरी र गंगाराम चौधरीलाई भने सर्वोच्च अदालतले सफाई दिएको छ। उनीहरुलाई उच्च अदालत दिपायलले जन्मकैदको फैसला सुनाएको थियो। मंगलबार सर्वोच्च अदालतबाट जारी गरिएको संक्षिप्त आदेशमा तीनजनाको हकमा केही उल्टी भएपनि अन्य प्रतिवादीहरुको हकमा उच्च अदालत दिपायलकै फैसला सदर गरिएको छ।

सर्वोच्च अदालतको फैसलासँगै तत्कालीन कानुनको आधारमा प्रतिवादी रेशमलाल चौधरीलाई २० वर्ष कैद सजाय हुनेछ। चौधरी २०७४ फागुन १४ गतेबाट जेलमा बसेका उनी सामान्य अवस्थामा जेलमुक्त हुन अझै १४ वर्ष जेल सजाय काट्नुपर्ने हुन्छ। चौधरी २०९४ साल फागुन १३ गतेसम्म जेलमै बस्नुपर्ने भएको छ। प्रतिवादीमध्येका लक्ष्मण थारु चौधरी हालसम्म पनि फरार भएको कारण अब उनले तीन वर्ष जेलमा बसेपछि जेलमुक्त हुन पाउनेछन् । यसअघि उनको हकमा कैलाली जिल्ला अदालतले तीन वर्षको जेल सजाय गरेको थियो भने उच्च अदालत दिपायलले जन्मकैदको फैसला सुनाएको थियो ।

कैलालीको टिकापुरमा २०७२ सालमा भएको नरसंहारमा प्रतिवादी रेशमलाल चौधरी, लक्ष्मण थारु लगायतका ६ जनालाई जन्मकैदको फैसला भएको थियो । कैलाली जिल्ला अदालत र उच्च अदालत दिपायलले गरेको जन्मकैदको फैसलामा चित्त नबुझाएर उनीहरु सर्वोच्च अदालत पुगेका थिए । सर्वोच्चले लक्ष्मण थारुको सजाय घटाई तीन वर्ष कायम गर्ने र सीताराम चौधरी र गंगाराम चौधरीको हकमा सफाई दिने फैसला गर्नुबाहेक अन्य प्रतिवादीको हकमा उच्च अदालतकै फैसला सदर गरेको छ। कैलाली जिल्ला अदालतमा दायर रिटमा ५८ जनालाई दोषी बनाई मुद्दा दायर गरिएको थियो । ५८ जनामध्ये ३१ इञ्जिनियर धनीराम चौधरी लगायत ३१ जना प्रतिवादी फरार रहेका थिए भने २७ जना प्रतिवादीलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गरिएको थियो ।

कैलाली जिल्ला अदालतले फैसला गर्ने क्रममा रेशमलाल चौधरी, हरिनारायण चौधरी, प्रदीप चौधरी, वीर बहादुर चौधरी, सीताराम चौधरी र गंगाराम चौधरीलाई जन्मकैदको फैसला सुनाएको थियो । लक्ष्मण थारुको हकमा तीन वर्षको कैद सजाय सुनाएको कैलाली जिल्ला अदालतको फैसलालाई समेत उल्टाएर उनलाई पनि जन्मकैदकै फैसला हुने उच्च अदालत दिपायलले फैसला गरेको थियो। त्यसैगरी प्रतिवादीहरु संगम भन्ने सन्तोष चौधरी, दिल बहादुर चौधरी र जित बहादुर चौधरीलाई जनही तीन वर्ष कैद सजाय गर्ने जिल्ला अदालतको फैसला उल्टाएर मुलुकी ऐन ज्यानससस सम्बन्धी महल अनुसार जनही दश वर्ष कैद सजाय हुने ठहर गरेको थियो । त्यसैगरी उनलीहरुलाई ज्यान मार्ने उद्योगमा थप ५/५ वर्षको कैद हुने फैसला गरिएको थियो । त्यसैगरी कैलाली जिल्ला अदालतले जन्मकैदको फैसला सुनाएका प्रतिवादीहरु सुन्दरलाल कठरिया, बृजमोहन चौधरी, राजेश चौधरी र राजकुमार कठरियाको हकमा उच्च अदालत दिपायलले केही उल्टी गरी जनही ५ वर्षको कैद सजाय हुने फैसला सुनाएको थियो। त्यस्तै कैलाली जिल्ला अदालतले जनही ३ वर्ष कैदको फैसला सुनाएका प्रतिवादीहरु रामप्रसाद चौधरी, सन्तराम चौधरी, किसनलाल चौधरी र प्रेम बहादुर चौधरीको हकमास उच्च अदालतले जनही ५ वर्ष कैद गर्ने फैसला सुनाएको थियो।

कैलाली जिल्ला अदालतले ३ वर्ष कैद सजाय सुनाएका प्रतिवादी विश्राम चौधरीका हकमा भने उच्च अदालत दिपायलले उल्टी गरी सफाई दिएको थियो । सर्वोच्चले दुईजना प्रतिवादीलाई अभियोग दाबीबाट सफाई दिने र लक्ष्मण थारुको हकमा जन्मकैदको सजाय हुने उच्च अदालत दिपायलको फैसला केही उल्टी गरी तीन वर्षको जेल सजाय कायम गर्नेबाहेक अन्यको हकमा उच्च अदालतकै फैसला सदर गरेको छ। मुल्तवीमा रहेका अन्य मुद्दाहरुको हकमा भने सुरु अदालतबाट सुनुवाइ र कारबाही हुनेछ । टिकापुरमा भएको थरुहट आन्दोलनको क्रममा नेपाल प्रहरीका एसएसपी लक्ष्मण न्यौपानेसहित ७ प्रहरी र एक बालकको मृत्यु भएको थियो । राजनीतिको नाममा सजाय कम बनाएर उन्मुक्ति लिने प्रयासलाई सर्वोच्च अदालतले रोकिदिएको छ।

# कृषकलाई माछाका भुरा वितरण

**पोखरापत्र संवाददाता**
तनहुँ, २ जेठ

तनहुँको म्याग्दे गाउँपालिकाले शतप्रतिशत अनुदानमा कृषकलाई माछाका भुरा वितरण गरेको छ । व्यावसायिकरूपमा माछापालन गरिरहेका कृषकलाई गाउँपालिकाले माछाका भुरा वितरण गरेको हो ।

सातवटै वडाका कृषकलाई ६० हजार माछाका भुरा वितरण गरिएको गाउँपालिकाका पशु सेवा शाखा प्रमुख डा विनय शाहले जानकारी दिनुभयो । माछापालन गरिरहेका कृषकलाई प्रोत्साहन गर्न र माछापालन व्यवसायमा टिकाइराख्ने उद्देश्यसहित गाउँपालिकाले अनुदानमा माछा भुरा वितरण गरेको डा शाहले बताउनुभयो । उहाँले भन्नुभयो, "विगत लामो समयदेखि माछापालन व्यवसायमा आबद्ध कृषकसँग भुरा प्राप्तिका लागि निवेदन माग गरेका थियौं । निवेदन प्राप्त भएका २२ कृषकलाई भुरा वितरण गरिएको छ ।" उहाँका अनुसार प्रतिरोपनी सात सयका दरले माछाका भुरा वितरण गरिएको छ । कृषकलाई तातो हावापानीमा हुर्किन सक्ने कमन कार्पको माछाका भुरा वितरण गरिएको छ। "म्याग्दे गाउँपालिकाको हावापानीसँग मिल्ने प्रजातिको भुरा बाँडेका हौँ, यो माछा एक वर्षमा दुई किलोसम्म हुन्छ", उहाँले भन्नुभयो । गाउँपालिकाले नेपाल सरकार कृषि अनुसन्धान केन्द्र मातहतको मत्स्य अनुसन्धान केन्द्र बेगनासबाट प्रतिभुरा ५० पैसामा खरिद गरेको हो । गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले माछापालक कृषकलाई प्रोत्साहन गर्न अनुदानमा भुरा वितरणको कार्यक्रम ल्याइएको बताउनुभयो । "गाउँपालिकाले व्यावसायिकरूपमा काम गरिरहेका सबै कृषकलाई अनुदानको नीति ल्याएको छ, सोहीबमोजिम माछापालक कृषकलाई पनि शतप्रतिशत अनुदानमा भुरा वितरण गरेका हौँ", उहाँले भन्नुभयो, "यसले अहिले व्यवसाय गरिरहेकालाई त प्रोत्साहन हुन्छ नै नयाँलाई आकर्षण थप्ने विश्वास लिएका छौँ ।" गाउँपालिकाको चालु आर्थिक वर्ष २०७९/८० को वार्षिक स्वीकृत कार्यक्रमअनुसार सूचनाबमोजिम माग सङ्कलन गरी पोखरीको क्षमता हेरी माछाका भुरा वितरण गरिएको प्रमुख प्रशासकीय अधिकृत जीतबहादुर रानाले बताउनुभयो। म्याग्दे -१ का जगतबहादुर थापालाई दुई हजार, फविसरा थापालाई दुई हजार, म्याग्दे-२ का प्रेमलता शाहीलाई सात सय, म्याग्दे-३ का विजु आलेलाई तीन हजार पाँच सय, सनिमाया थापालाई दुई हजार, म्याग्दे-४ का ओमबहादुर आलेलाई एक हजार पाँच सय, देविका थापालाई एक हजार पाँच सय, सोमकुमार श्रेष्ठलाई १५ हजार, टोपप्रसाद थापालाई एक हजार पाँच सय, भीमकुमारी रानालाई एक हजार पाँच सय, हिमनारायण कायस्थलाई चार हजार माछाका भुरा वितरण गरिएको छ।

त्यस्तै म्याग्दे-५ का कृष्ण थापालाई छ हजार पाँच सय, तालबहादुर आलेलाई चार हजार, भक्तबहादुर गुरुङलाई चार हजार, म्याग्दे -६ का मदीमाया रानालाई चार हजार, म्याग्दे-७ का ओमराज गोतामेलाई एक हजार पाँच सय, देवबहादुर विश्वकर्मालाई सात सय, अच्युतराज काफ्लेलाई सात सय, ध्रुव वाग्लेलाई एक हजार एक सय, दुर्गामाया घर्तीलाई एक हजार एक सय भुरा वितरण गरिएको छ।

# ६३ वर्षमा ५५० जनाले गरे धौलागिरि हिमाल आरोहण

**पोखरापत्र संवाददाता**
म्याग्दी, २ जेठ

मे १३ मा धौलागिरि हिमाल आरोहण भएको ६३ वर्ष पूरा भएको छ। तिब्बतको भूमि प्रयोग नगरी फन्को मार्न सकिने नेपालको एक मात्र हिमाल धौलागिरिमा हालसम्म ५५० जनाले आरोही चुचुरोमा पुग्न सकेका छन्।

कुल आठ हजार १६७ मिटर उचाइको म्याग्दीको धौलागिरि गाउँपालिका-४ मुदीस्थित विश्वको सातौँ अग्लो धौलागिरि आरोहण गर्न आरोहीहरू बर्सेनि आउने गरेका छन् । सन् १९६० मई १३ मा अस्ट्रियाका कुर्ट डिम्बर्गरलगायत स्वीस धौलागिरि आरोहण टोलीका पिटर डियनर, एन्स्ट फोरर, एल्बिन सेल्वर्ट, निमा दोर्जे र नवाङ दोर्जे धौलागिरि हिमालको चुचुरोमा पुगेका थिए । पर्यटन विभागका अनुसार सन् १९६० देखि सन् २०२० सम्म विदेशी र स्वदेशी गरी पाँच सय ५० जनाले धौलागिरि हिमालको सफल आरोहण गरेका छन् । धौलागिरि हिमाल आरोहणका लागि जारी वसन्त ऋतुमा २५ पुरुष र १२ महिला गरी ३७ आरोहीले अनुमति लिएका छन् । पछिल्लो समय पदमार्गको यात्रा लामो, जोखिमपूर्ण र सञ्चार पहुँचभन्दा टाढा हुँदा विदेशी र नेपाली आरोहीहरू काठमाडौँबाट विभिन्न सडकमार्ग हुँदै ताकम र त्यहाँबाट हेलिकोप्टरमार्फत आधार शिविर पुग्ने गरेका छन् । साथै आधार शिविरसम्मका लागि पुग्नका लागि गाउँपालिका, प्रदेश र सङ्घीय सरकारले समेत पदमार्ग निर्माण गर्दै आएका छन् भने सञ्चारको पहुँचसमेत बढाउँदै लगिएको छ । अक्कर पहाड, जङ्गल, खोलानाला हुँदै पदयात्रा गर्नुपर्ने भएकाले धौलागिरि पदमार्गको यात्रा साहसिक मानिन्छ । विसं २०६८ यता आधार शिविरमा ओरोही पुग्ने क्रम बढेको छ । यस याममा पनि आरोही, पथपर्दशक, भरिया र आरोहण दलका सहयोगी आधार शिविरमा पुगेका छन् ।

# घोषणामा सीमित पर्वतीय खेलकुद तालिम केन्द्र

**पोखरापत्र संवाददाता**
पोखरा २ जेठ

मुस्ताङ र बागलुङमा उच्च पर्वतीय (हाइ अल्टिच्युड) खेलकुद तालिम केन्द्र निर्माणको घोषणा अलपत्र परेको छ। सङ्घ र प्रदेश सरकारले अघि सारेका दुई ठूला खेल पूर्वाधारले वर्षौं बित्दा पनि गति लिन नसकेका हुन् ।

गण्डकी प्रदेश सरकारले आर्थिक वर्ष २०७५/७६ मा मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिकामा सो तालिम केन्द्र बनाउने घोषणा गरेको थियो। सरकारले आयोजनाको प्राविधिक अध्ययन र विस्तृत परियोजना प्रतिवदेन (डिपिआर)का लागि सोही वर्ष रु एक करोड बजेट छुट्याएको थियो । प्रदेश गौरवको आयोजनाका रूपमा रहेको सो आयोजनामा बर्सेनि छुट्टिने बजेट कामै नभई 'फ्रिज' हुने गरेको छ। प्रदेशको सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयको युवा तथा खेलकुद महाशाखाका प्रमुख घनश्याम पौडेलले जग्गा प्राप्तिमा भएको ढिलाइले आयोजना सुस्ताएको बताउनुभयो। "पहिले गरिएको जग्गाको नापीअनुसार जग्गा अपुग हुने देखिएपछि अहिले पुनः जग्गा नापजाँच गरिएको छ", उहाँले भन्नुभयो, "जग्गा व्यवस्थापन भएपछि डिपिआरमार्फत पूर्वाधार निर्माणको काम अघि बढ्छ।" सरकारको प्राथमिकता प्राप्त आयोजना कहिले कार्यान्वयनमा जान्छ कुनै टुङ्गो छैन । मालपोत कार्यालय मुस्ताङका प्रमुख हरि भुजेलले उच्च पर्वतीय खेलकुद तालिम केन्द्रका लागि जग्गा दर्ताको प्रक्रिया सुरु भएको बताउनुभयो। "झण्डै चार सय रोपनी जग्गाको नापी भइसकेको छ, सरकारी जग्गाका रूपमा दर्ता भएपछि प्रदेशले सङ्घ सरकारबाट भोगाधिकार लिनुपर्छ", उहाँले भन्नुभयो । जग्गा यकिन र नापजाँच भर्खर सकिएकाले जग्गा प्राप्तिको प्रक्रिया पूरा गर्न अझै समय लाग्ने कार्यालय प्रमुख भुजेलले बताउनुभयो । वारागुङमुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष रिङजिङनामगेल गुरुङले गाउँपालिकाको पहल र स्थानीयवासीको सहमतिमा जग्गाको नापनक्सा लिइएको बताउनुभयो।

"जग्गाकै कारण लामो समयदेखि काम रोकिएको थियो, जग्गा प्राप्तिको प्रक्रिया सुरु भएकाले अब प्रदेश सरकारले आयोजना अघि बढाउला भन्ने आशा छ", उहाँले भन्नुभयो । प्रसिद्ध मुक्तिनाथ मन्दिरको दक्षिणपट्टि छिङ्गुर भन्ने ठाउँमा जग्गाको खोजी गरिएको हो । थोरङ्ला पास जाने बाटोमा तीन हजार सात सय मिटरभन्दा बढीको उचाइमा छिङ्गुर क्षेत्र पर्छ । जग्गाको भोगाधिकार आएपछि 'डिपिआर'मार्फत फुटबल मैदान, कभर्डहलदेखि आवश्यक खेल पूर्वाधार बनाउने योजनामा प्रदेश सरकार छ । बागलुङको ढोरपाटनमा पनि 'हाइ अल्टिच्युड' खेलकुद तालिम केन्द्र बनाउने योजना वर्षौंदेखि अधुरै छ। सङ्घ सरकारअन्तर्गत युवा तथा खेलकुद मन्त्रालय र राष्ट्रिय खेलकुद परिषद्ले विसं २०७५ मा सो आयोजनाको सम्भाव्यता अध्ययन गरेको थियो। ढोरपाटनमा पनि जग्गाकै उल्झनका कारण पूर्वाधारको काम अघि बढ्न सकेन। जिल्ला खेलकुद विकास समिति बागलुङका पूर्वअध्यक्ष धनबहादुर परियारले जग्गाको भोगाधिकार लिन वन र वन्यजन्तुसम्बन्धी कानुन बाधक बनेको बताउनुभयो । "जग्गा छनोट र सर्भे भए पनि अरु काम अघि बढ्न सकेन", उहाँले भन्नुभयो, "अहिले बजेट पनि आउन छाड्यो, आयोजना नै अलपत्र छ।" खेलकुद तालिम केन्द्रका लागि खोजिएको जग्गा ढोरपाटन सिकार आरक्ष क्षेत्रभित्र पर्छ। आरक्ष कार्यालयले संरक्षित क्षेत्रमा पूर्वाधार बनाउन नमिल्ने भन्दै निर्माण अनुमति रोकेको थियो। डिभिजन वन कार्यालय र आरक्षले अनुमति नदिएपछि आयोजनाको काम अघि बढ्न नसकेको समितिका पूर्वअध्यक्ष परियारले बताउनुभयो। "केन्द्रीय तहबाटै अन्तरमन्त्रालय समन्वय गरेर जग्गा व्यवस्थापन गरेमा आयोजना बन्न सक्छ, हाम्रो मात्र प्रयासले हुने देखिएन", उहाँले भन्नुभयो।

पश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समितिका कार्यालय प्रमुख लक्ष्मणप्रसाद योगीले आयोजना निर्माणका लागि आफूहरूले अध्ययन प्रतिवेदन बुझाए पनि राष्ट्रिय खेलकुद परिषद्बाट कुनै सुनुवाइ नभएको बताउनुभयो।

"हाइ अल्टिच्युड खेलमैदानका लागि ढोरपाटन उपयुक्त र सम्भावना बोकेको ठाउँ हो", उहाँले भन्नुभयो, "ठूलो लगानीको आयोजना भएकाले सङ्घ सरकारले नै यसमा पहल लिनुपर्छ ।" 'हाइ अल्टिच्युड' तालिमकेन्द्रबनेमाराष्ट्रिय/अन्तर ाष्ट्रियस्तरका खेलाभ्यास र प्रतियोगिता सञ्चालन गर्न सकिने उहाँको भनाइ छ । खेल र पर्यटनलाई जोडेर देशले ठूलो आर्थिक लाभ लिन सक्ने कार्यालय प्रमुख योगीले बताउनुभयो । उच्च स्थानमा खेल अभ्यासका लागि 'हाइ अल्टिच्युड' तालिम केन्द्र बनाउने गरिन्छ। अक्सिजन कम भएको उच्च स्थानमा अभ्यास गरेका खेलाडीले अक्सिजन बढी भएको ठाउँमा राम्रो खेल प्रदर्शन गर्न सक्ने बताइन्छ।

नेपालमा दुई हजार पाँच सयदेखि चार हजार मिटरसम्मको उचाइमा उच्च पर्वतीय खेलकुद तालिम केन्द्र बनाउन सकिने खेलविज्ञहरू बताउँछन् । सङ्घ सरकारले विसं २०७७/७८ को नीति तथा कार्यक्रममा पनि उच्च पर्वतीय खेलकुद तालिम केन्द्र स्थापना गर्ने घोषणा गरेको थियो।


# Water Resources and Irrigation Development Division Office
## Syangja, Gandaki Province, Nepal

## Invitation for Online Bids

**First date of Publication: 2080/02/03 (17th May, 2023)**

1. Water Resources and Irrigation Development Division Office, Syangja invites the online bids only under e-procurement system from eligible bidders for the construction of projects mentioned below under National Competitive bidding. All the information and documents can be obtained from PPMO's website www.bolpatra.gov.np/egp. Interested eligible bidders are requested to submit E-Bids only as per instruction within the mentioned period.

| S. N. | Contract No. | Estimated cost NRs. (without VAT and Contingencies) | Bid Security Amount (NRs) | Cost of Bid Document (NRs) |
|---|---|---|---|---|
| 1 | SQ/WRIDDO/Syangja/Supply/02/079-80 (Supply of Machine made and mechanically selvedged double twist hexagonal mesh products (2m*1m*1m gabion box, 10cm*12cm mesh size, 3 & 3.9 mesh wire & selvedge wire dia. & Zn heavy coated @ 10.00m2 box without partition) about 600 nos.) | 17,11,920.00 | 55,000.00 | 1,000.00 |
| 2 | WRIDDOS/TGMRTW/SQ/WORKS/05/2079/80 Construction of Temporary Huge Boulder Packing in Bhatkhola near Thulakhet, Gairikhet Maichane Using Excavator Machine. | 17,09,988.00 | 50,000.00 | 1,000.00 |
| Last Date & time of Bid Submission : 2080/02/18 (1st Jun, 2023) (12:00 Noon) | | | | |
| Bid Opening date & time : 2080/02/18 (1st Jun, 2023) (14:00 PM) | | | | |

2. Other things not mentioned in this notice will be accordance with the prevailing Public Procurement Act 2063 and Public Procurement Regulation 2064.
(For further information contact no. 9856054175, 063-423175)

**Division Chief**



# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सम्मान मिल्नेछ |
| वृष | : झमेला बड्ने | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : कार्यमा सफलता | धनु | : आर्थिक समस्या |
| कर्कट | : मन चञ्चल | मकर | : मानसिक तनाब |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# दुर्घट्नामा ज्यान गुमाएकाको सम्झनामा दिप प्रज्वलन

**श्रीकृष्ण सिग्देल**
स्याङ्जा, २ जेठ

जिल्ला ट्राफिक कार्यालय स्याङ्जाले सडक दुर्घट्नामा परेर ज्यान गुमाएका नागरिकको सम्झनामा दिप प्रज्वलन गरेको छ।

जिल्ला सदरमुकाम पुतलीबजारमा ट्राफिक प्रहरीले बर्षभरी सडक दुर्घट्नाबाट ज्यान गुमाएका नागरिकको सम्झनामा दिप प्रज्वलन गरेको हो । गण्डकी प्रदेश सरकार आन्तरिक मामिला तथा कानुन मन्त्रालय पोखराको आयोजना, गण्डकी प्रदेश प्रहरी कार्यालय पोखरा र नेपा प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय गगनगौडाको समन्वयमा ट्राफिक प्रहरीले ट्राफिक सप्ताह २०८० संचालन गरेको थियो।

बैशाख २५ गतेदेखी ३१ गते सम्म आयोजना गरिएको ट्राफिक सप्ताह २०८० मा ट्राफिक प्रहरीले सडक दुर्घट्नामा निधन भएका नागरिकको सम्झना गर्दै दिप प्रज्वलन गरेर समापन गरिएको जिल्ला ट्राफिक प्रहरी प्रमुख मिनबहादुर कुँवरले जानकारी दिए । एकसाता जिल्लाभरी ट्राफिक सचेतना फैलाउदै दुर्घट्ना न्युनिकरणमा प्रशिक्षण, पर्चा पम्प्लेट र सडकमा होडिङ बोर्ड राखिएको उनले बताए । दुर्घट्ना न्युनिकरणमा सबैको चासो हुनु आवश्यक छ उनले भने,' ट्राफिक प्रहरी एक्लैले मात्रै नभएर सरोकारवालाहरुको पनि ध्यान जानु जरुरी छ ।' सबैले ट्राफिक नियमको पालना र चासो दिने हो भने सडक दुर्घट्ना न्युनिकरणमा सहज हुनेछ उनले भने। भौगोलिक दृष्टिकोणले र समयमै मर्मत सम्भार नहुँदा सडकको अवस्था नाजुक रहेको कुँवरले बताए । दुर्घट्ना विभिन्न कारणबाट हुनसक्छन् उनले भने,'चालकको लापरवाही र सवारी साधनको अवस्थामा ध्यान नदिदा धेरै दुर्घट्ना भएका छन् ।' यसमा सवारी धनी र चालक नै सबै भन्दा बढी जिम्मेवार बन्नुपर्ने देखिन्छ उनले भने। आर्थिक बर्ष २०७९/०८० साउन देखि बैशाख १ गते सम्म स्याङ्जामा १२ ओटा दुर्घट्ना भएका छन् । उक्त दुर्घट्नामा ९ जनाले ज्यान गुमाएका छन् । गत आर्थिक बर्षमा भन्दा यो आर्थिक बर्षमा दुर्घट्नामा केही कमी आएको ट्राफिक प्रहरीको तथ्याङ्कले देखाएको छ । ट्राफिक प्रहरीको खटाई, सचेतना, प्रशिक्षणका साथै चालक र यात्रुको संयमताले केही सफलता मिलेको दावी ट्राफिक प्रहरीको छ । ट्राफिक प्रहरी कार्यालय स्याङ्जाले आयोजना गरेको ट्राफिक सप्ताह २०८० को दिप प्रज्वलन गरी प्रमुख जिल्ला अधिकारी शशीधर घिमिरेले समापन गरेका छन् । समापनमा प्रजिअ घिमिरेले सडक दुर्घट्नाले धेरै नागरिकले अनाहकमा ज्यान गुमाउन परेको प्रति दुःख व्यक्त गरे। कतिपय दुर्घट्ना अप्रत्यासित र कतिपय दुर्घट्ना लापरवाहीले हुने गरेको तथ्याङ्कले देखाएको बताउदै प्रजिअ घिमिरेले जुनसुकै प्रकारबाट भएपनि दुर्घट्नामा न्युनिकरणमा सबैले दायीत्व बोध गर्नुपर्ने बताए। दुर्घट्नालाई कम बनाउन सरकारी तवरबाट सक्दो पहल हुने विश्वास व्यक्त गर्दै नागरिक र सरोकारवालाहरुबाट पनि उत्तिकै चासो दिएर सुरक्षित यात्रा बनाउन सहयोग गर्न प्रजिअ घिमिरेले आग्रह गरे।

ट्राफिक प्रहरीले एकसाता भरी विद्यार्थीलाई जेब्राक्रसबारेमा प्रशिक्षण,सवारी साधनमा ट्राफिक स्लोगन सम्वन्धी स्टिकर टाँस्ने, सवारी चालकको स्वास्थ्य परिक्षण सगै यान्त्रीक परिक्षण र ग्रामिण रुट लक्षित छतहुट यात्रा सम्वन्धी सचेतना लगायतका कार्यक्रम गरिएको जिल्ला ट्राफिक कार्यालय स्याङ्जाले जनाएको छ । ट्राफिकको यो कार्यक्रम प्रभावकारी भएको यातायात व्यवसायीहरुले समेत बताएका छन्।

# मृगौला पिडित लिना गुरुङलाई लामा अमृत फाउण्डेशन घान्द्रुकको आर्थिक सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा २ जेठ

कास्कीको अन्नपूर्ण गाउँपालिका-११ घान्द्रुक उरीकी मृगौला पिडित लिना गुरुङलाई लामा अमृत फाउण्डेशन घान्द्रुकले आर्थिक सहयोग हस्तातरण गरेको छ।

लामा अमृत फाउण्डेशन घान्द्रुकका सस्थापक अमृत गुरुङले आर्थिक सहयोग संकलन गरेर मृगौला पिडित लिनाका बुवा जगनप्रसाद गुरुङलाई आर्थिक सहयोग हस्तातरण गरेका हुन्।

फाउण्डेशनका सस्थापक अमृत गुरुङले विभिन्न व्यक्तिहरुबाट सहयोग संकलन गरेर ६ लाख ४१ हजार २ सय ६० रुपैयाँ जगनप्रसाद गुरुङलाई मंगलबार काठमाडौं टिचिङ अस्पताल परिसरमा हस्तातरण गरेका हुन्। अन्नपूर्ण -११ घान्द्रुक उरीकी ८ वर्षीय लिना गुरुङलाई चैत १२ गते पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान (पोखरा पश्चिमाञ्चल क्षेत्रीय अस्पताल)मा स्वास्थ्य जाँच गर्दा स्वास्थ्यकमीले दुवै मृगौला फेल भएको जानकारी गराएपछि उपचारका लागि काठमाडौं लगिएको परिवारले जनाएको छ । लिना गुरुङले अहिले काठमाडौंको टिचिङ अस्पतालमा नियमित डायलासिस गराराहेकी छिन्। जगनप्रसाद गुरुङको आर्थिक अवस्था कमजोर भएकाले आर्थिक सहयोग संकलन गरेर हस्तातरण गरेको लामा अमृत फाउण्डेशन घान्द्रुकका सस्थापक अमृत गुरुङले जानकारी दिए।

# सयपत्री फूलको व्यावसायिक खेतीबाट मनग्ये आम्दानी

**पोखरापत्र संवाददाता**
गल्याङ २ जेठ

स्याङ्जाको गल्याङ नगरपालिका-५ रुपाखानीका चन्द्रबहादुर राना 'चित्र'ले सयपत्री फूलको व्यावसायिक खेतीबाट मनग्ये आम्दानी गर्नुभएको छ । गल्याङमा सयपत्री फूलखेती गर्ने एक्लो कृषकको पहिचान बनाउनुभएका उहाँ तीन वर्षदेखि यो पेसामा आबद्ध हुनुहुन्छ । अत्यधिक माग हुन थालेपछि उहाँले व्यावसायिकरूपमा सयपत्री फूलको खेती गर्दै आउनुभएको हो । रानाले स्याङ्जासहित पाल्पा, पर्वत, कास्कीलगायतका जिल्लामा वार्षिकरूपमा रु दुई लाख बराबरको सयपत्री फूल निर्यात हुने गरेको जानकारी दिनुभयो। "सिजनमा मासिक रु २० देखि ३० हजार बराबरको फूल तथा माला बिक्री हुन्छ", उहाँले भन्नुभयो, "अफसिजनमा पनि विभिन्न सङ्घसंस्थाको कार्यक्रम, पूजाआजाका लागि मासिक रु १५ देखि २० हजारको फूल तथा माला बिक्री हुने गरेको छ।" सुरुमा आफ्नै घर रुपाखानीमा फूलखेती गर्नुभएका उहाँले कारोबार राम्रो भएपछि दुई वर्षयता गल्याङ नगरपालिका-३ छर्तिमा १२ रोपनी जग्गा भाडामा लिएर सयपत्री फूलको खेती गर्नुभएको छ । सयपत्री फूलको बजार राम्रो पाएपछि हौसिनुभएका रानाको दिनचर्या बिहान ५ बजेदेखि साँझ आँखा देखुन्जेल फूलबारीमै बित्छ । परम्परागतरूपमा खेती गर्दै आए पनि व्यावसायिक र बेमौसमीरूपमा सयपत्री फूलखेती नगरेको उहाँले सामाजिक सञ्जाल र कृषि विज्ञको सल्लाहमा काम गर्न सिकेको बताउनुभयो । रुपाखानीमा खेती गर्दा परिवारको साथ पाउनुभएका उहाँले छर्तिमा भने एक्लै काम गर्नुहुन्छ।

"कहिलेकाहीँ काम धेरै भएका बेला ज्यालामा पनि खेतला लगाउने गरेको छु", उहाँले भन्नुभयो, "एक्लै भए पनि काम गर्न आनन्द लाग्छ, ढकमक्क फुलेका फूलको सुगन्धले एक्लोपनको आभास नै गराउँदैन ।" रानाले विवाह, पूजा, विभिन्न सङ्घसंस्थाको औपचारिक तथा अनौपचारिक कार्यक्रममा उत्पादन गरेको सयपत्री फूलको माला खपत हुने गरेको बताउनुभयो। उहाँले अन्य जिल्लाबाट गल्याङमा सयपत्री फूल निर्यात हुने गरेको भन्दै त्यसलाई निरुत्साहित गर्न व्यासायिक फूलखेती सुरु गरेको बताउनुभयो।

"गल्याङ नगरपालिकाका विभिन्न स्थानमा बाँदरले कृषकलाई आतङ्कित बनाएको छ", उहाँले थप्नुभयो, "फलफूल, तरकारी खेती पनि गरेँ तर बाँदरले रहन दिएन, बाँदरले नबिगार्ने भएपछि सयपत्री फूलखेतीतर्फ आकर्षित भएको हुँ ।" उहाँले आफ्नो खेतमा उत्पादित फूलले बजारको माग पूरा गर्न नसकेको बताउनुभयो । गल्याङमा कृषक फूलखेतीतर्फ आकर्षित नभएकाले बजारीकरणमा समस्या नभएको दाबी गर्नुभयो । उहाँले गल्याङमा सयपत्री राम्रो उत्पादन हुने भन्दै हब नै बनाएर अन्यन्त्र जिल्लामा निर्यात गर्न सकिने जानकारी दिनुभयो।

"व्यवसायलाई विस्तार गर्ने योजना बनाएको छु, अहिलेसम्म कुनै पनि निकायले अनुदान दिएका छैनन्, बैंकमा ऋण खोज्दा नपाउने स्थिति छ। उहाँले दुःखेसो पोख्नुभयो, "प्रशस्त बजार भएर पनि लगानी अभावमा व्यवसाय विस्तार गर्न सकेको छैन ।" गल्याङ नगरपालिकाका कृषि शाखा प्रमुख शिव ढकालले चन्द्रबहादुर राना गल्याङका एकमात्र सयपत्रीको व्यावसायिक फूलखेती गर्ने कृषक भएकाले प्राविधिक सहयोगका साथै उपयुक्त सल्लाह दिने गरेको बताउनुभयो । यस्तै गल्याङ नगरपालिकाका प्रमुख गुरुप्रसाद भट्टराईले रानाको गल्याङमा सफल कृषकको पहिचान भएकाले नगरपालिकाले अनुदानलगायतका कार्यक्रम सहयोग गर्ने योजना बनाएको बताउनुभयो। रानाको सयपत्रीको फूलबारीमा सर्वसाधारण फोटो खिच्न र टिकटक बनाउनसमेत पुग्ने गरेका छन्।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक श्रद्धाञ्जली



जन्मः
वि.सं. २०२० फागुन १२ गते

स्वर्गारोहणः
वि.स. २०८० बैशाख २८ गते

### स्व. हरिमाया अधिकारी

यस रोटरी क्लव अफ पोखरा लेकसाईडका प्रेसिडेन्ड नोमिनी, युवा व्यवसायी पोखरा–६ जरेवर,लेकसाइड निवासी उपेन्द्र अधिकारी र कृष्ण अधिकारीका ममतामयी आमा **हरिमाया अधिकारी**को मिति २०८०/०१/२८ गते ५९ वर्षको उमेरमा भएको असामयीक निधनको खबरले स्तब्ध बनाएको छ। यस दुखद घडीको आज ७ औं दिनको पुण्य तिथिमा स्वर्गीय आमाको बैकण्ठवासको कामना साथ हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछौं।

**डा. वीरबहादुर कार्की**
**अध्यक्ष एवं**
**रोटरी क्लव अफ पोखरा लेक साइड परिवार**

## ऋण चुक्ता गर्न आउने बारे ३५ दिने सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८०/०२/०३)**

यस संस्थाबाट तपशिलमा उल्लेखित सदस्यले अचल सम्पत्ति धितो सुरक्षण राखी ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने साँवा, व्याज एवं हर्जाना व्याज समय भित्र नतिरी, नबुझाई संस्थासंग गर्नुभएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक, लिखित तथा पत्रिका मार्फत सार्वजनिक सूचना प्रकाशित गरि जानकारी गराउँदा समेत ऋण चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरी आफुले बुझाउनुपर्ने रकम बुझाउन कुनै पहल गरेको नपाईएको हुँदा यो सूचना प्रकाशित गरीएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र यस संस्थालाई बुझाउनुपर्ने सम्पूर्ण साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दै-दस्तुर रकम बुझाउनु होला। अन्यथा तपाई ऋणी तथा जमानत बस्ने सदस्यहरुले यस संस्थालाई ऋण सुरक्षण बापत लेखी लेखाई दिएको श्रीसम्पत्ति सहकारी ऐन, नियमावली, संस्थाको विनियम तथा संस्थाको ऋण नीति बमोजिम लिलाम बिक्रीको सूचना प्रकाशित गरी लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गर्ने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ।

**तपशिल :**

| क्र.सं | ऋणी तथा धनजमानतको नाम थर | धितोको विवरण |
|---|---|---|
| १ | • गोविन्द सुवेदीको बुहारी ओम प्रसाद गौतमको छोरी लक्ष्मी प्रसाद सुवेदीको श्रीमती कास्की जिल्ला कास्कीकोट गा.वि.स. वडा नं ९ स्थायी ठेगाना भई हाल कास्की जिल्ला पोखरा म.न.पा वडा नं. ०८ बस्ने<br>**ऋणी : चुनमाया सुवेदी**<br>• अग्निधर दाहालको बुहारी भानुभक्त अधिकारीको छोरी लीलाधर दाहालको श्रीमती कास्की जिल्ला ढिकुरपोखरी गा.वि.स वडा नं ९ स्थायी ठेगाना भई हाल कास्की जिल्ला पोखरा म.न.पा वडा नं. १८ बस्ने<br>**धन जमानत : चुनमाया दाहाल**<br>• कर्णाखर सुवेदीको नाति गोविन्द सुवेदीको छोरा कास्की जिल्ला कास्कीकोट गा.वि.स. वडा नं ९ स्थायी ठेगाना भई हाल कास्की जिल्ला पोखरा म.न.पा वडा नं. ०८ बस्ने<br>**धन जमानत : लक्ष्मी प्रसाद सुवेदी** | **चुनमाया दाहाल र चुनमाया सुवेदी**को संयुक्त नाममा मालपोत कार्यालय कास्कीमा दर्ता श्रेस्ता कायम रहेको ग्यारजाती गा.वि.स. वडा नं. ४ सीट नं. ०९३०८७७ कित्ता नं. ४९९ क्षेत्रफल ०-७-२-० (रोपनी) र ग्यारजाती गा.वि.स. वडा नं. ४ सीट नं. ०९३०८७७ कित्ता नं. ५०० क्षेत्रफल ०-१५-२-० (रोपनी) को जग्गा। |

**नोट : यस संस्थाबाट ऋण लिई ऋणको किस्ता नियमित नगर्ने अन्य सदस्यहरुलाई समेत यसै सूचनाद्धारा ऋण नियमित गर्नुहुन जानकारी गरिन्छ। अन्यथा यसै अनुसार कानुनी प्रक्रिया मार्फत लेना रकम असुल उपर गर्न संस्था बाध्य हुनेछ।**

**पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**Pokhara Royal Saving & Credit Co-operative Society Limited**
Head Office: Pokhara-10, Buddhachowk, Kaski, Nepal | ☎: 061-588833, 587833, 570833, 570933
E-mail: info@royalcooperative.com Website: www.royalcooperative.com

Service Center:
•Dulegaunda, Tanahun ☎ 065-4114490
•Bhandradhik, Kaski ☎ 061-561775
•Mohoriya, Kaski ☎ 061-560903